# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ८, संख्या : ५, असार ३१ गते, २०८१ साल



व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगरपालिका सूर्तिजन्य पदार्थ (बिक्री, वितरण र सेवन गर्न नियन्त्रण र निषेध गर्ने) ऐन, २०८१

सभाबाट पारित मिति : २०८१।३।२५

**प्रस्तावना :** धूम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र धूम्रपान तथा सूर्ति सेवनले मानव जीवनको आर्थिक, सामाजिक र साँस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न, सूर्तिजन्य पदार्थको बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई नियन्त्रण तथा निषेध गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को दफा २६६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिकाको नगर सभाले यो ऐन बनाई जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"व्यास नगरपालिका सूर्तिजन्य पदार्थ (बिक्री, वितरण र सेवन गर्न नियन्त्रण र निषेध गर्ने) ऐन, २०८१"** रहेको छ ।

(२) यो ऐन व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "उत्पादक" भन्नाले सूर्तिजन्य पदार्थको उत्पादक सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(ग) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।
(घ) "कार्यालय" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।
(ङ) "धूम्रपान" भन्नाले चुरोट, बिँडी, सिंगार, तमाखु, सुल्फा, कङ्कड, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ सेवन गर्ने काम सम्झनु पर्छ ।
(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
(छ) "निरीक्षक" भन्नाले दफा १० बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।
(ज) "व्यवस्थापक" भन्नाले सम्बन्धित कार्यालयको प्रमुख भई काम गर्ने वा प्रमुखको अख्तियारी बमोजिम कार्य गर्ने व्यक्ति सम्झनु पर्छ ।
(झ) "समिति" भन्नाले दफा १४ बमोजिम गठित सूर्तिजन्य पदार्थ नियन्त्रण तथा निषेध समिति सम्झनु पर्छ ।
(ञ) "सार्वजनिक स्थल" भन्नाले दफा ३ मा तोकिए बमोजिमको स्थल सम्झनु पर्छ ।
(ट) "सूर्तिजन्य पदार्थ" भन्नाले धूम्रपान वा सूर्ति सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कङ्कड, कच्चा सूर्ति, खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य सूर्तिजन्य पदार्थ सम्झनु पर्छ ।
(ठ) "सूर्ति सेवन" भन्नाले खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, प्रारम्भिक त्यस्तो पदार्थको नस लिने वा सेवन गर्ने काम सम्झनु पर्छ ।

## परिच्छेद २
## सूर्तिजन्य पदार्थको नियन्त्रण

३. **सार्वजनिक स्थल मानिने** : (१) देहायको स्थललाई सार्वजनिक स्थल मानिनेछ :
(क) सरकारी निकाय, संस्था वा कार्यालय,
(ख) शिक्षण संस्था, पुस्तकालय, तालिम तथा स्वास्थ्य सम्बन्धी संस्था,
(ग) सार्वजनिक सवारीका साधन,
(घ) बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब,
(ङ) सार्वजनिक शौचालय,
(च) उद्योग तथा कल कारखानाका कार्यस्थल,
**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि "कार्यस्थल" भन्नाले उद्योग तथा कल कारखानाले काम गर्न छुट्याएको कार्यालय वा स्थल सम्झनु पर्छ ।
(छ) चलचित्र घर, साँस्कृतिक केन्द्र तथा नाट्यशाला,
(ज) होटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्राबास तथा अतिथि गृह,
(झ) रङ्गशाला, कभर्डहल, शारीरिक सुसंगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,
(ञ) डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट,
(ट) धर्मशाला तथा धार्मिक स्थल,
(ठ) सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर ।

२) उपदफा (१) मा उल्लिखित स्थलको अतिरिक्त कुनै ठाउँको महत्व र सम्वेदनशीलतालाई विचार गरी नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थल समेत सार्वजनिक स्थल मानिनेछ ।

४. **सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ति सेवन गर्न नहुने** : (१) कसैले पनि सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ति सेवन गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापकले कारागार, पर्यटकीय स्थलको होटलको कुनै खास ठाउँमा अन्य व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी तोकिएको स्थानमा धूम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्ने र असर गर्ने गरी सेवन गरे तत्काल उजुरी/सूचना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम धुम्रपान तथा सूर्ति सेवनको लागि छुट्याइएको ठाउँमा कायम गर्नु पर्ने आधारभूत कुराहरु व्यवस्था गर्नु पर्ने र त्यस्तो क्षेत्र स्थापना नभएको सार्वजनिक स्थलमा पूर्ण रुपमा सेवन गर्न निषेध हुनेछ ।

५. **सूचना टाँस गर्नु पर्ने** : व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक ठाउँमा धूम्रपान तथा सूर्ति सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देखेर पढ्न सक्ने गरी टाँस गर्नु पर्नेछ ।

६. **घर तथा निजी सवारी साधन भित्र धूम्रपान गर्न नहुने** : कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधन भित्र धूम्रपान गर्न हुँदैन ।

## परिच्छेद ३
## सूर्तिजन्य पदार्थको बिकी वितरणमा निषेध

७. **बिकी वितरण गर्न निषेध** : (१) यस नगरपालिका भित्र कसैले पनि सूर्तिजन्य पदार्थ बिकी वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन वा सूर्तिजन्य पदार्थको बिकी वितरण गर्न पाइने छैन ।

(२) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहर केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थ बिकी वितरण गर्न गराउन पाउने छैन ।

(३) कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिकी वितरण गर्न पाउने छैन ।

(४) कसैले पनि निःशुल्क रुपमा सूर्तिजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन ।

८. **विज्ञापन तथा प्रायोजन गर्न नपाइने** : उत्पादक लगायत कसैले पनि यस नगरपालिका भित्र पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम., इन्टरनेट, ई-मेल जस्ता विद्युतीय आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन ।

९. **प्रदर्शनमा बन्देज** : (१) कसैले पनि सूर्तिजन्य पदार्थ प्रति आकर्षण हुने गरी सूर्तिजन्य पदार्थको सजावट गर्न पाउने छैन ।

(२) कसैले पनि सूर्तिजन्य पदार्थको कुनै तरिकाबाट प्रदर्शन गर्न पाउने छैन ।

## परिच्छेद ४
## निरीक्षण, अनुसन्धान तथा मुद्दा दायर

१०. **निरीक्षक सम्बन्धी व्यवस्था** : (१) कसैले यस ऐन विपरीत नगरपालिका क्षेत्रभित्र कुनै स्थान वा सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा व्यवस्थापकले यसं ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछन् ।

(२) निरीक्षकले आफूले गरेको कामको विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(३) यस ऐनमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. निरीक्षण गर्न सक्ने :** (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकार भित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेको वा बिक्री गरेको देखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धूम्रपान वा सूर्ति सेवन गर्न रोक लगाउन वा बिक्री वितरणमा रोक लगाउन निर्देशन दिन वा तत्काल जरीवाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले दिएको निर्देशन सबैले पालना गर्नु पर्नेछ ।

## परिच्छेद ५
## सजाय तथा पुनरावेदन

**१२. सजाय :** (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा व्यवस्थापकले देहाय बमोजिम सजाय गर्नु पर्नेछ :

(क) धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्ने ।

(ख) धूम्रपान वा सूर्ति सेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा धुम्रपान वा सूर्ति सेवन गर्न तुरून्त रोक लगाउने र पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम सचेत गराउने वा अन्य विभागीय कारवाही गर्नु पर्नेछ ।

(ग) दफा ८ विपरीतको कुनै काम गरेमा तीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ङ) दफा ७ र ९ विपरीतको कुनै काम गरेमा उक्त काम गर्नेलाई प्रथम पटकका लागि दश हजार, दोस्रो पटक भए तीस हजार र तेस्रो पटक भए पचास हजार रूपैयाँ जरिवाना र दर्ता खारेज गर्न सक्नेछ ।

(२) उल्लेखित जरिवाना वापत लिएको रकम नगरपालिकाको सञ्चित कोष खातामा जम्मा गर्नु पर्नेछ ।

**१३. पुनरावेदन :** निरीक्षकले गरेको कारवाही र जरिवाना उपर प्रमुख प्रशासकीय अधिकृत समक्ष सात दिन भित्र पुनरावेदन दिन सक्नेछ र प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद ६
## विवध

**१४. अनुगमन समिति :** सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमन गर्न तथा यस ऐनको पालना भए नभएको अनुगमन गर्न नगर उपप्रमुखको संयोजकत्वमा रहेको बजार अनुगमन समितिलाई बजार अनुगमनको अधिकार हुनेछ ।

**१५. अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि अपनाउनु पर्ने नीति तथा सुधार गर्नु पर्ने कानुनको सम्बन्धमा नगर कार्यपालिका समक्ष सुझाव पेश गर्ने,

(ख) धूम्रपान तथा सूर्ति सेवनलाई निरुत्साहित गर्न यसबाट पर्ने नकारात्मक असरका सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) धूम्रपान तथा सूर्ति सेवनको लतमा लागेकालाई सोबाट छुटकारा दिलाई स्वस्थ्य जीवन यापनको लागि आवश्यक उपाय अवलम्बन गर्ने,

(घ) निरीक्षकको काम कारवाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) निरीक्षकको काम कारवाहीको सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने,

(च) सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिकी वितरण र उपभोग नियन्त्रण र निषेध गर्नका लागि आवश्यक काम गर्ने,

(छ) व्यवस्थापकको काम कारवाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ज) व्यवस्थापकको काम कारवाहीको सम्बन्धमा व्यवस्थापकलाई आवश्यक निर्देशन दिने,

(झ) ऐनले तोके बमोजिमको व्यवस्था कायम गर्न बजार अनुगमन गर्ने ।

**१६. जफत गरेको सूर्तिजन्य पदार्थ नष्ट गर्नु पर्ने :** (१) नगरपालिकाले यस ऐन बमोजिम जफत गरेको सूर्तिजन्य पदार्थ नष्ट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूर्तिजन्य पदार्थ नष्ट गर्दा मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी नष्ट गर्नु पर्नेछ ।

**१७. नियम तथा कार्यविधि बनाउन सकिने :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यकता अनुरुप नियम तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**१८. सहयोग गर्नु पर्ने :** यस ऐन बमोजिमको कुनै काम कारवाही सम्पादन गर्ने सिलसिलामा व्यवस्थापक वा निरीक्षकले स्थानीय प्रशासनको सहयोग माग गर्न सक्नेछ ।

**१९. ऐनको व्याख्या :** यो ऐनको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

**२०. संशोधन, बचाउ र खारेजी :** यो ऐन संशोधन वा खारेज गर्न आवश्यक देखेमा नगर सभाले संशोधन वा खारेज गर्न सक्नेछ । यो ऐनमा लेखिएका कुराहरु संघीय कानुन, प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले
काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत